राष्ट्रिय अपाङ्ग महासंघ नेपाल

NFD-N

## राष्ट्रिय अपाङ्ग महासंघ नेपाल (NFDN)

# राष्ट्रिय वक्तव्य

## नेपालको बाढी उद्धार, मानवीय सहायता र पुनःस्थापनामा अपाङ्गता भएका व्यक्तिहरू

**६ सेप्टेम्बर २०२६ | काठमाडौं, नेपाल**

*"केहि अपांगता भएका व्याकिहरुको संघ संस्थाहरुले केहि हदसम्म उद्दार र राहतमा सहयोग गरिरहेको देखिन्छ जुन आफैमा प्रयाप्त छैन सवै प्रकारका अपांगता भएका व्यक्तिहरु सम्वोधन हुन सकेको छैन ।* ***सबैभन्दा मुख्य कुरा - सरकारी संयन्त्रबाट भैरहेको उद्दार, शेल्टर निर्माण तथा संचालन लगायत विभिन्न अन्तराष्ट्रिय संघ संसंस्थाहरु फिल्डमा सक्रिय रहे पनि उनीहरु अपांगता सवालमा मौन देखिएको छ । यो अवस्थाले महासंघलगायत र अपांगता भएका व्यक्तिहरुलाई चिन्तित र सशंकित बनाई रहेको अवस्था छ ।*** *"-Strip 01-02, NFDN*

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल (NFDN) २६ अगस्ट २०२६ को भोटेकोशी–त्रिशूली बाढीबाट ज्यान गुमाएका, बेपत्ता भएका, विस्थापित भएका तथा घरबार र जीविकोपार्जन गुमाएका सबै परिवार र समुदायप्रति गहिरो दुःख र ऐक्यबद्धता व्यक्त गर्दछ ।

यस कठिन अवस्थामा खोज तथा उद्धार, राहत र पुनःस्थापनामा खटिएका नेपाल सरकार, सुरक्षा निकाय, प्रदेश तथा स्थानीय तह, मानवीय संस्था, स्वयंसेवक र स्थानीय समुदायको प्रयासको महासंघ उच्च कदर गर्दछ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत सञ्चालनमा ल्याइएको **रसुवा बाढी उद्धार पोर्टल**, आपतकालीन सम्पर्क, सहायता माग, बेपत्ता तथा फेला परेका व्यक्तिको विवरण र उद्धारसम्बन्धी सूचना प्रवाहलाई महासंघले सकारात्मक पहलका रूपमा लिएको छ ।

अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती तथा सुत्केरी महिलालगायत बढी सहयोग आवश्यक पर्ने व्यक्तिलाई खोज, उद्धार र राहतमा प्राथमिकता दिन सरकारले गरेको आग्रहलाई पनि महासंघ स्वागत गर्दछ ।

तर प्रभावित क्षेत्रबाट महासंघमा आइरहेका प्रत्यक्ष सूचना र हाम्रो हालसम्मको अवलोकनले एउटा गम्भीर प्रश्न उठाएको छ:

**नीति र प्रतिबद्धतामा अपाङ्गता समावेशीकरण देखिन्छ, तर उद्धारको वास्तविक प्रणालीमा अपाङ्गता भएका व्यक्तिहरू अझै पर्याप्त रूपमा देखिएका छैनन् । अहिले सम्मको अवस्था र उठिरहेका प्रश्नहरु ???**

महासंघले प्रभावित अपाङ्गता भएका व्यक्ति, उनीहरूका परिवार, स्थानीय अपाङ्गता भएका व्यक्तिहरूका संस्था (OPDs), समुदायका सम्पर्क व्यक्ति तथा NFDN को अपाङ्गता आपतकालीन सूचना प्रणालीमार्फत आएका विवरण संकलन र फलोअप गरिरहेको छ।

महासंघको हालसम्मको प्रारम्भिक **Flood Strip Update** अनुसार:

- **८३ जना:** अपाङ्गता भएका व्यक्तिको अवस्था पहिचान तथा प्रारम्भिक मूल्याङ्कन गरिएको छ।
- **४७ जना:** हाल विस्थापित अवस्थामा छन्।
- **१२ जना:** बेपत्ता वा सम्पर्कविहीन छन्।
- **६ जनाको:** मृत्यु पुष्टि भएको छ।

**Source:-अपाङ्गता समावेशी विपद् तथा आपतकालीन सूचना पोर्टल**

यी तथ्यांक प्रारम्भिक र परिवर्तनशील हुन्। यी महासंघको सम्पर्क र रिपोर्टिङ प्रणालीमा आएका केस मात्र हुन्। यसलाई बाढीबाट प्रभावित सबै अपाङ्गता भएका व्यक्तिको अन्तिम वा पूर्ण संख्या मान्न मिल्दैन।

मैदानबाट प्राप्त विवरणले **बेपत्ताको खोजी, पहुँचयुक्त अस्थायी आश्रय, उद्धार तथा स्थानान्तरण सहयोग, पहुँचयुक्त शौचालय, व्यक्तिगत सहयोग, सञ्चार सहयोग, गुमेका सहायक सामग्रीको प्रतिस्थापन, नियमित औषधि र स्वास्थ्य तथा पुनःस्थापना सेवामा रेफरल** तत्काल आवश्यक रहेको देखाएको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार रसुवा, नुवाकोट र धादिङमा मात्र करिब **१७,२४९ जना अपाङ्गता भएका व्यक्ति** बसोबास गर्छन्। तीमध्ये रसुवामा १,२९३, नुवाकोटमा ६,९३९ र धादिङमा ९,०१७ जना रहेका छन्।

यो बाढी प्रभावित व्यक्तिको संख्या होइन। तर यसले एउटा कुरा स्पष्ट गर्छ:

विपद् प्रतिकार्यमा अपाङ्गतालाई सानो वा छुट्टै विषय मानेर अगाडि बढ्न मिल्दैन।

हामीले अहिले सोध्नुपर्ने प्रश्न सरल छ:

**यदि कुनै अपाङ्गता भएको व्यक्ति बेपत्ता छ, उद्धार पर्खिरहेको छ, घाइते छ वा विशेष सहयोग आवश्यक छ भने, हाम्रो राष्ट्रिय उद्धार प्रणालीले त्यो व्यक्तिलाई पहिचान गर्न सक्छ? र उद्धार टोलीलाई उसलाई कस्तो सहयोग चाहिन्छ भन्ने जानकारी दिन सक्छ?**

हालसम्मको अवस्थाले यसको उत्तर पर्याप्त रूपमा स्पष्ट छैन भन्ने देखाउँछ।

### सरकारी उद्धार पोर्टलमा तत्काल सुधार आवश्यक

सरकारले सञ्चालन गरेको बाढी उद्धार पोर्टलले सहायता माग गर्न, बेपत्ता तथा फेला परेका व्यक्तिको सूचना दिन, आपतकालीन सम्पर्क प्राप्त गर्न र उद्धारसम्बन्धी सूचना हेर्न सम्भव बनाएको छ।यो सराहनीय र उपयोगी पहल हो। तर महासंघले उपलब्ध सार्वजनिक विवरण र फारामहरू हेर्दा **अपाङ्गता छ वा छैन, अपाङ्गताको प्रकार के हो, उद्धारका क्रममा व्यक्तिलाई कस्तो कार्यात्मक सहयोग आवश्यक छ भन्ने सूचना स्पष्ट रूपमा समेटिएको देखिँदैन।**

**यो केवल फारामको एउटा छुटेको प्रश्न होइन।**

उद्धार प्रणालीको तथ्यांकमै अपाङ्गता नदेखिए, उद्धारका क्रममा अपाङ्गता भएका व्यक्तिको विशेष आवश्यकता पनि नदेखिने जोखिम हुन्छ।

त्यसैले राष्ट्रिय अपाङ्ग महासंघ नेपाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा सम्बन्धित मन्त्रालयलाई सरकारी उद्धार पोर्टलमा तत्काल निम्न विवरण थप गर्न आग्रह गर्दछ:

- प्रभावित वा बेपत्ता व्यक्ति अपाङ्गता भएको व्यक्ति हो वा होइन;
- नेपालको कानुनअनुसार अपाङ्गताको प्रकार;
- उद्धार वा सुरक्षित स्थानान्तरणका लागि आवश्यक सहयोग;
- सञ्चारको आवश्यक वा उपयुक्त माध्यम;
- व्यक्तिगत सहयोगी वा साथ दिने व्यक्ति आवश्यक छ वा छैन;
- ह्वीलचेयर, बैसाखी, सेतो छडी, श्रवण उपकरण वा अन्य सहायक सामग्री आवश्यक छ वा छैन;
- औषधि, स्वास्थ्य वा पुनःस्थापना सेवा आवश्यक छ वा छैन;
- रेफरल कहाँ गरिएको छ र फलोअपको अवस्था के छ।

यस्ता विवरण सरकारी पोर्टलमा मात्र होइन, **DDMC, LDMC, अस्थायी आश्रयस्थल, राहत वितरण, क्षति तथा आवश्यकता मूल्याङ्कन र पुन:स्थापनासम्बन्धी प्रणालीमा पनि समावेश गरिनुपर्छ।**

यसका लागि राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सरकारलाई आवश्यक **प्राविधिक सहयोग उपलब्ध गराउन तयार छ।**

## नेपालका लागि यो अन्तर्राष्ट्रिय रूपमा पनि महत्वपूर्ण समय हो

नेपालको अहिलेको बाढी विपद् अन्तर्राष्ट्रिय विपद् कानुनमा महत्वपूर्ण परिवर्तन भइरहेको समयमै आएको छ।

संयुक्त राष्ट्र महासभाले **४ डिसेम्बर २०२४ मा प्रस्ताव 79/128** पारित गर्दै *Protection of Persons in the Event of Disasters* सम्बन्धी कानुनी रूपमा बाध्यकारी अन्तर्राष्ट्रिय दस्तावेज निर्माण गर्ने प्रक्रिया अगाडि बढाएको थियो।

त्यसपछि **१५ डिसेम्बर २०२५ मा प्रस्ताव 80/169** पारित गर्दै यससम्बन्धी कानुनी दस्तावेज तयार गर्न संयुक्त राष्ट्रसंघीय कूटनीतिक सम्मेलनको प्रक्रिया औपचारिक रूपमा अघि बढाइएको छ।

बुझ्नै पर्ने कुरा, उक्त प्रस्तावको प्रारम्भिक मस्यौदालाई समर्थन गर्ने देशहरूमध्ये **नेपाल पनि एक थियो।**

अझ महत्वपूर्ण संयोग के छ भने, संयुक्त राष्ट्रसंघमा *Protection of Persons in the Event of Disasters* सम्बन्धी तयारी समितिको पछिल्लो बैठक **४ सेप्टेम्बर २०२६ मा न्यूयोर्कमा सम्पन्न भएको छ।**

त्यसैले आज नेपालले भोगिरहेको बाढीको अनुभव केवल नेपालको आन्तरिक विषय होइन।

**भोटेकोशी–त्रिशूली बाढीबाट हामीले सिकेका कुरा भविष्यको अन्तर्राष्ट्रिय विपद् महासन्धिमा नेपालको धारणा निर्माण गर्ने आधार बन्नुपर्छ।**

नेपालले अन्तर्राष्ट्रिय मञ्चमा पनि अपाङ्गता समावेशी विपद् व्यवस्थापनको स्पष्ट पक्षधरता देखाउनुपर्छ।

## विश्व अपाङ्गता आन्दोलनले केहि समय पुर्व केहि महत्वपूर्ण संकेतहरु देखाई सकेका छन्

अप्रिल २०२६ मा **International Disability Alliance (IDA)** ले होस्ट गरेको Stakeholder Group of Persons with Disabilities अन्तर्गतको Disaster Risk Reduction and Climate Action Thematic Group ले आगामी अन्तर्राष्ट्रिय विपद् महासन्धिबारे महत्त्वपूर्ण नीति दस्तावेज सार्वजनिक गरेको छ।

यसले देखाएका केही तथ्य चिन्ताजनक छन्:

**८४ प्रतिशत :**अपाङ्गता भएका व्यक्तिसँग व्यक्तिगत विपद् तयारी योजना थिएन।

**५६ प्रतिशत:** ले विपद् जोखिमसम्बन्धी सूचना पहुँचयुक्त ढाँचामा पाउन सकेका थिएनन्।

**केवल ८ प्रतिशत:** ले आफ्नो स्थानीय विपद् जोखिम न्यूनीकरण योजनाले अपाङ्गता भएका व्यक्तिको आवश्यकता सम्बोधन गरेको बताएका थिए।

त्यसैले अन्तर्राष्ट्रिय अपाङ्गता आन्दोलनले आगामी विपद् महासन्धिमा स्पष्ट रूपमा निम्न विषय सुनिश्चित गर्न माग उठाई रहेको देखिन्छ:

***"अपाङ्गता भएका व्यक्तिहरूका संस्थाको अर्थपूर्ण सहभागिता, पहुँचयुक्त पूर्वसूचना, समावेशी उद्धार र स्थानान्तरण, पहुँचयुक्त आश्रय तथा सेवा, अपाङ्गताअनुसार खण्डीकृत तथ्यांक, उचित अनुकूलन, आवश्यक बजेट, सहायक प्रविधि, अपाङ्गता सम्पर्क व्यक्ति तथा विपद्का नाममा व्यक्तिलाई परिवार र समुदायबाट अलग गर्ने वा संस्थागत गर्ने अभ्यासबाट संरक्षण।"***

नेपालमा आज देखिएका चुनौतीसँग यी मागहरू प्रत्यक्ष रूपमा जोडिएका छन्।

## महासंघका सात तत्काल आग्रह

**१. हरेक विपद् सूचना प्रणालीमा अपाङ्गता देखिनुपर्छ**

सरकारी उद्धार पोर्टल, बेपत्ता व्यक्तिको अभिलेख, आश्रयस्थल दर्ता, द्रुत आवश्यकता मूल्याङ्कन, राहत र पुनःस्थापनासम्बन्धी तथ्यांकमा अपाङ्गता र आवश्यक कार्यात्मक सहयोगसम्बन्धी विवरण तत्काल समावेश गरियोस्।

**जसको पहिचान हुँदैन, उसलाई समयमै पुग्न पनि कठिन हुन्छ।**

**२. बेपत्ता अपाङ्गता भएका व्यक्तिको खोजीलाई प्राथमिकता दिइयोस्**

महासंघको प्रारम्भिक तथ्यांकमा मात्रै **१२ जना अपाङ्गता भएका व्यक्ति बेपत्ता वा सम्पर्कविहीन** देखिएका छन्। प्रमाणित विवरण तत्काल स्थानीय सरकार, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, NDRRMA/NEOC र स्थानीय खोज तथा उद्धार संयन्त्रसँग जोडिनुपर्छ।

**३. प्रत्येक उद्धार अपाङ्गता समावेशी हुनुपर्छ**

- ❑ उद्धार टोलीसँग सम्भव भएसम्म उद्धार गर्नुपर्ने व्यक्तिको हिँडडुल, सञ्चार, दृष्टि, श्रवण, बौद्धिक अवस्था तथा व्यक्तिगत सहयोगसम्बन्धी आवश्यकता पहिल्यै उपलब्ध हुनुपर्छ।
- ❑ बहिरा व्यक्तिले साइरन नसुन्न सक्छ।
- ❑ दृष्टिविहीन व्यक्तिले आफैं सुरक्षित बाटो पहिचान गर्न नसक्न सक्छ।

- ❑ ह्वीलचेयर प्रयोगकर्ताले भग्नावशेष वा भत्किएको बाटो पार गर्न नसक्न सक्छ।
- ❑ बौद्धिक अपाङ्गता भएका व्यक्तिलाई परिचित व्यक्ति र सरल सञ्चारको आवश्यकता पर्न सक्छ।

**४. अस्थायी आश्रय अहिले नै पहुँचयुक्त बनाऔँ**

पहुँच पुनर्निर्माणपछिको विषय होइन। अस्थायी आश्रय, शौचालय, खानेपानी, खाद्यान्न वितरण, स्वास्थ्य सेवा, सूचना डेस्क र गुनासो संयन्त्र अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न सक्ने हुनुपर्छ। भौतिक संरचना तत्काल परिवर्तन गर्न नसकिने अवस्थामा वैकल्पिक व्यवस्था र आवश्यक व्यक्तिगत सहयोग उपलब्ध गराइनुपर्छ।

**५. सहायक सामग्री, स्वास्थ्य र पुन:स्थापना सेवा निरन्तर रहनुपर्छ**

बाढीमा ह्वीलचेयर, बैसाखी, सेतो छडी, श्रवण उपकरण, औषधि वा व्यक्तिगत सहयोग गुमाउनु कुनै व्यक्तिका लागि सामान्य क्षति होइन। यसले उसको दैनिक जीवन, सुरक्षा र बाँच्ने क्षमतालाई नै गम्भीर असर पार्न सक्छ।
त्यसैले सहायक सामग्री, पुनःस्थापना सेवा र अपाङ्गतासम्बन्धी स्वास्थ्य सहयोगलाई **अत्यावश्यक मानवीय सहायता** को रूपमा व्यवहार गरिनुपर्छ, पछि सोचिने कल्याणकारी सहयोगका रूपमा होइन।

**६. विपद् प्रतिकार्य संरचनाभित्र OPD को सहभागिता सुनिश्चित गरियोस्**

अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका प्रतिनिधिमूलक संस्थालाई **मूल्याङ्कन, समन्वय, उद्धार योजना, आश्रयस्थल अनुगमन, राहत, पुन:स्थापना र पुनर्निर्माण** मा सहभागी गराइनुपर्छ।

यो CRPD का धारा ४, ९, ११, ३१ र ३२ तथा Sendai Framework को मर्मसँग प्रत्यक्ष जोडिएको विषय हो।

**“हाम्रो बारेमा हामीबिना होइन” भन्ने सिद्धान्त सामान्य समयमा मात्र होइन, विपद्को बेला झन् बढी लागू हुनुपर्छ।**

**७. Build Back Better भनेको Build Back Accessible पनि हो**

पुनर्निर्माण हुने विद्यालय, स्वास्थ्य संस्था, सरकारी भवन, सडक, आश्रयस्थल, खानेपानी तथा सरसफाइ संरचना र सामुदायिक पूर्वाधार पहुँचयुक्त तथा Universal Design का सिद्धान्तअनुसार निर्माण गरिनुपर्छ।

## राष्ट्रिय अपाङ्ग महासंघ नेपालको राष्ट्रिय आह्वान

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल **नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, NDRRMA, सम्बन्धित मन्त्रालय, प्रदेश सरकार, DDMC, LDMC, सुरक्षा निकाय, संयुक्त राष्ट्रसंघीय निकाय, मानवीय संस्था, विकास साझेदार र दातृ निकाय** सबैलाई अपाङ्गता समावेशीकरणलाई अहिलेको विपद् प्रतिकार्यको मूल आवश्यकता मान्न आग्रह गर्दछ।

नेपालको आफ्नै कानुन, **CRPD को धारा ११**, **Sendai Framework 2015–2030**, **IASC Guidelines on Inclusion of Persons with Disabilities in Humanitarian Action**, निर्माण प्रक्रियामा रहेको **Protection of Persons in the Event of Disasters सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि**, तथा IDA सँग आबद्ध पछिल्लो विश्व अपाङ्गता आन्दोलनको सिफारिसले एउटै कुरा भन्छ:

अपाङ्गता समावेशीकरण उद्धार सकिएपछि सुरु हुने काम होइन, यो उद्धारकै हिस्सा हुनुपर्छ।

- ❑ सबैलाई पुग्न नसक्ने पूर्वसूचना प्रभावकारी पूर्वसूचना होइन।
- ❑ अपाङ्गता भएका व्यक्तिको विशेष सहयोग आवश्यकता पहिचान गर्न नसक्ने उद्धार प्रणाली पूर्ण उद्धार प्रणाली होइन।
- ❑ सबैले प्रवेश गर्न र प्रयोग गर्न नसक्ने आश्रय सुरक्षित आश्रय होइन।
- ❑ अपाङ्गतालाई नदेख्ने तथ्यांकले समावेशी प्रतिकार्यको बाटो देखाउन सक्दैन।
- ❑ र पहुँचविहीन समुदाय पुनःनिर्माण गरेर त्यसलाई **Build Back Better** भन्न सकिँदैन।
- ❑ राष्ट्रिय अपाङ्ग महासंघ नेपाल यो विपद्लाई एउटा परिवर्तनकारी मोडका रूपमा लिन सरकार र सबै सरोकारवालालाई आग्रह गर्दछ।

**हामीले नेपालभित्र मात्र होइन, अन्तर्राष्ट्रिय मञ्चमा पनि स्पष्ट सन्देश दिनुपर्छ:**

**कुनै पनि अपाङ्गता भएको व्यक्ति पहिचानबाहिर नरहोस्।**

**उद्धारमा कोही पनि पछाडि नछुटोस्।**

**हाम्रो बारेमा हामीबिना कुनै निर्णय नहोस्।**

**जारी गर्ने:**

**राष्ट्रिय अपाङ्ग महासंघ नेपाल (NFDN)**

भृकुटीमण्डप, काठमाडौं, नेपाल

**६ सेप्टेम्बर २०२६**